# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १० गते २०३४ साल

श्री ५ को सरकार

**पर्यटन मन्त्रालयको**

**सूचना**

होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन)

(पहिलो संशोधन) आदेश, २०३४

होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ को दफा २ मा संशोधनः होटेल व्यवस्थापन तथा पर्यटन (तालीम केन्द्र) समिति (गठन) आदेश, २०२९ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,–

(१) उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) महानिर्देशक, पर्यटन विभाग– – – –अध्यक्ष
(ख) राष्ट्रिय शिक्षा समितिले मनोनीत गरेको व्यक्ति – –सदस्य
(ग) अध्यक्ष, नेपाल होटेल संघ – – –सदस्य
(घ) अध्यक्ष, नेपाल ट्राभल एजेन्टस् एशोसिएशन– – –सदस्य
(ङ) निर्देशक, श्रम विभाग – – – –सदस्य
(च) प्रतिनिधि, पर्यटन मन्त्रालय – – –सदस्य
(छ) होटेल व्यवस्थापन तथा पर्यटन तालीमसम्बन्धी योजनाको योजना प्रमुख (प्रोजेक्ट मैनेजर) – –सदस्य–सचिव

(२) उप–दफा (४) मा रहेको "तालीमसम्बन्धी" भन्ने शब्दहरूपछि "स्वदेशी वा" भन्ने शब्दहरू थपिएका छन्:–

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उप–दफा (२) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः–

"(ज) योजना प्रमुखलाई आवश्यक निर्देशन दिने।"

४. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) अध्यक्षसंग परामर्श गरी वार्षिक कार्यक्रम र वार्षिक आय–व्ययको अनुमान र पूरक अनुमान तयार गरी समितिमा पेश गर्ने।"

५. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को उप–दफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) यू. एन. डी. पी. बाट श्री ५ को सरकारमार्फत प्राप्त रकम।"

६. मूल आदेशमा दफा ९ थपः मूल आदेशको दफा ८ पछि देहायको दफा ९ थपिएको छः–

"९. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा पर्यटन मन्त्रालय, पर्यटन विभागमार्फत राख्नु पर्नेछ।"

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६